केपिलासगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
आकिसला, खोटाङ

प्रदेश नं. १ विराटनगर

प.सं. ०७९।८०

सु. नं. ०३

मिति: २०७९।०४।१८

## करारमा शिक्षक नियुक्तिको लागि विषय विज्ञ (रोष्टर) आव्हान सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा यस केपिलासगढी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अस्थायी, करार तथा राहत अनुदान शिक्षकहरुको रिक्त पदमा शिक्षक छनौटलाई वैज्ञानिक, प्रभावकारी तथा पारदर्शी बनाउनका लागि तपसिल बमोजिमका न्यूनतम योग्यता भएका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक/शिक्षिकाहरूबाट मिति २०७९।०५।०५ गते सम्ममा आवश्यक कागजात सहित दरखास्त पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक न्यूनतम योग्यता तथा मापदण्डहरु:**

१. आधारभूत तह

क. शिक्षक तालिम केन्द्र मार्फत विषयगत रोष्टर तालिम प्राप्त गरि सोही तह वा माथिल्लो तहको स्थायी शिक्षक हुनुपर्ने ।

ख. शिक्षा शास्त्र सङ्कायबाट स्नातक तह उतीर्ण गरेको स्थायी शिक्षक ।

ग. माथिको कुनै पनि योग्यता नभएमा सम्बन्धित तहको शिक्षा शास्त्र संकायमा स्नातक तह उतीर्ण अस्थायी वा राहत करार शिक्षक ।

२. माध्यमिक तह

क. शिक्षक तालिम केन्द्र मार्फत विषयगत रोष्टर तालिम प्राप्त गरि सोही तह वा माथिल्लो तहको स्थायी शिक्षक हुनुपर्ने ।

ख. शिक्षा शास्त्र सङ्कायबाट स्नातकोत्तर तह उतीर्ण गरेको सम्बन्धित तहको स्थायी शिक्षक ।

ग. माथिको कुनै पनि योग्यता नभएमा सम्बन्धित तहको शिक्षा शास्त्र संकायमा स्नातकोत्तर तह उतीर्ण अस्थायी वा राहत करार शिक्षक ।

**आवश्यक कागजातहरु:**

क. नेपाली नागरिकताको प्रतिलिपि ।

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु ।

ग. अनुभव तथा तालिम सम्बन्धी प्रमाणपत्र भए सोको प्रतिलिपि ।

.................
सुरेन्द्र खनाल
शिक्षा अधिकृत

२०७९।०४।१८
.................
अजम्बर राई
प्रमुख प्रशासकीय अधिकृत

email: kepilasmun@gmail.com Website: kepilasgadhimun.gov.np